NEFIN
September 2022

सशक्तीकरण सन्देश

# आदिवासी जनजातिको लागि स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) को महत्व



फोटोः लाक्पा ढोक्प्या

**ई.सं १९७०** देखि आदिवासी जनजातिहरूको विषय विश्वव्यापी आन्दोलनको रूपमा सक्रिय भएको आन्दोलन हो। आदिवासी जनजातिहरूको आन्दोलनको मुख्य सवाल अन्य मानवको सरह समान अधिकार, आत्मनिर्णयको अधिकार, आफ्नो भूमि, क्षेत्र, भूगोल र स्रोतहरूमा स्वामित्व र नियन्त्रण नै स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) हो। साथै विकासको नाममा विनास गर्नु उचित नरहेको सवाल अहिले विश्वको आदिवासी जनजातिको रहेको छ। त्यसमा पनि नेपाल जस्तो विकासोन्मुख देशका आदिवासी जनजातिहरूको मुख्य सवाल रहेको छ। नेपालको सन्दर्भमा विकासका कार्यहरू जस्तै, जलविद्युत आयोजना, सडक निर्माण र प्रसारण लाईनहरूले आदिवासी जनजातिहरूको मानव अधिकार, आत्मनिर्णयको अधिकार र भूमी अधिकार हनन् गर्ने गरेको पाइन्छ। आदिवासी जनजातिहरूको अधिकार नेपालमा मात्र नभई विश्वव्यापी रूपमा हनन् भइरहेको देख्न र सुन्न पाउँछौं। स्वतन्त्र, अग्रिम

हाल मुलुकमा ९६८ मेगावाट मात्रै जलविद्युत उत्पादन भइरहेको छ । नेपालले पनि जलविद्युतलाई स्वच्छ उर्जाको रुपमा लिई नेपालमा यसको विकाश गर्ने योजना बनाइरहेको हामी देख्न र सुन्न सक्छौं।




फोटोः लाक्पा ढोक्प्या

**आदिवासी जनजातिहरुको अधिकार नेपालमा मात्र नभई विश्वव्यापी रुपमा हनन् भइरहेको देख्न र सुन्न पाउँछौं । स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) आदिवासी जनजातिहरुको एक विशेष सामुहिक मानव अधिकार हो जुन आदिवासी जनजातिहरुसँग सम्बन्धित छ र आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्रमा मान्यता प्राप्त छ ।**

जानकारीसहितको मञ्जुरी (एफपिक) आदिवासी जनजातिहरूको एक विशेष सामूहिक मानव अधिकार हो जुन आदिवासी जनजातिहरूसँग सम्बन्धित छ र आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्रमा मान्यता प्राप्त छ। एफपिकले आदिवासी जनजातिहरूलाई वा उनीहरूको क्षेत्रलाई असर गर्न सक्ने परियोजनालाई मञ्जुरी दिन वा रोक्न अनुमति दिनसक्ने अधिकार प्रदान गर्दछ। मञ्जुरी दिने प्रकृया एक पटकको मात्र प्रक्रिया होइन, आदिवासी जनजातिहरूले आफूलाई असर परेको खण्डमा परियोजनालाई दिएको एफपिक कुनै पनि चरणमा फिर्ता लिन सक्छन्। यसबाहेक एफपिकले आदिवासी जनजातिलाई परियोजनाको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न र वार्ताका लागि ढोका खोली दिन्छ।

आदिवासी जनजातिहरूको मानव अधिकारको सम्बोधन र सुरक्षाका लागि विश्वमा पहिलो पटक संयुक्त राष्ट्र संघको संयन्त्र विकासको लागि अन्तर्राष्ट्रिय वित्तीय संस्था International Fund for Agricultural Development (IFAD) ले सन् २००९ एफपिकलाई परिचालन मानकको रूपमा स्वीकार गरेको छ। नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय वित्तीय नियोगको (IFC) लगानीमा रसुवा जिल्लामा बन्न गइरहेको माथिल्लो त्रिशुली-१, २१६ मेगावाट जलविद्युतमा अन्तर्राष्ट्रिय वित्तीय निगम (IFC) ले पहिलो पटक सन् २०१८ मा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) प्रक्रिया गरेको छ। यस प्रक्रियाको सहजीकरण नेपालका आदिवासी जनजातिहरूको एक मात्र छाता संगठन नेपाल आदिवासी जनजाति महासंघले गरेको हो। यसपश्चात् नेपालको पूर्वी जिल्ला संखुवासभामा नेपाल विद्युत प्राधिकरणले १०६१ मेगावाट क्षमताको अपर अरुण जलविद्युत आयोजना (UAHEP) मा एफपिक प्रक्रियाको काम सुरू भएको छ। प्रस्तावित आयोजनाको वातावरणीय तथा सामाजिक मूल्याङ्कन, विस्तृत डिजाइन अध्ययन र बोलपत्र कागजात तयार गर्न विश्व बैंकले नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई नेपाल विद्युत प्राधिकरणमार्फत् आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ। यद्यपि विश्व बैंकले आयोजनाको भविष्यको आर्थिक सहयोगको निर्णय गरेको छैन। नेपालका अन्य विकास आयोजनाहरू एफपिक प्रक्रियाप्रति त्यति सकारात्मक भएको पाइँदैन। यी माथिका दुई विकास आयोजनाले पनि विश्व बैंकको वातावरणीय र सामाजिक सुरक्षा नीतिको मापदण्ड पूरा गर्न एफपिक प्रक्रिया गरेको छ।

आदिवासी जनजातिहरूको आफ्नै पृथक परम्परागत संस्था, परम्परा र जीवनशैली हुन्छ तर विकास आयोजनाहरूले कहिलेकाहीं यस्ता विषयलाई ध्यान दिन नसक्दा उनीहरूको जीवनशैली, परम्परा, भाषा, धर्म, संस्कार, संस्कृति र मूल्य मान्यतामा प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पर्न जान्छ। विकास आयोजना जस्तै ठूला जलविद्युत आयोजनाहरूले स्थानीय समुदायहरूको लागि ठूलो सामाजिक र वातावरणीय चुनौतीहरू सिर्जना गर्दछ, जसमा प्रभावित व्यक्ति र समुदायको पुनर्वास, मनोवैज्ञानिक तनाव, क्षति वा सामाजिक गिरावट समावेश भएको पाइन्छ। जलविद्युत आयोजना निर्माण भएको दशकौं बितिसक्दा पनि प्रभावित स्थानीयवासीमा परेको गम्भीर असरको पूरै समाधान अझै हुन नसकेको विश्वको विभिन्न देशहरूमा देख्न सक्छौं। जलविद्युत आयोजनाले अन्य समुदाय भन्दा आदिवासी जनजातिहरूमा बढी प्रभाव पार्छ जसले प्रायः दुर्गम र ग्रामीण क्षेत्रका आदिवासी जनजातिहरूलाई आर्थिक र सामाजिक सीमान्तीकरणमा पुऱ्याउँदछ। अक्सर, स्थानीय समुदायका केही व्यक्तिहरूले आफ्नो जमिनमा उत्खनन गतिविधिहरूबाट आउने केही फाइदाहरू प्राप्त गर्छन्। यस्ता गतिविधिहरूले विद्यमान जीवनशैली र

आदिवासी जनजातिहरूको मानव अधिकार हनन् भएको हुन्छ।

नेपालको सन्दर्भमा नेपाल जलविद्युतको क्षेत्रमा धनी मुलुक मानिन्छ। ८३,००० मेगावाटको जलविद्युत ऊर्जा निकाल्न सक्ने क्षमता भएको देश हो नेपाल। हाल मुलुकमा ९६८ मेगावाट मात्रै जलविद्युत उत्पादन भइरहेको छ। नेपालले पनि जलविद्युतलाई स्वच्छ ऊर्जाको रूपमा लिई नेपालमा यसको विकास गर्ने योजना बनाइरहेको हामी देख्न र सुन्न सक्छौं। यस्ताखाले स्वच्छ ऊर्जाले वातावरणमा प्रदूषण न्यूनिकरण गर्न र देशको विकासमा टेवा पुऱ्याउन सक्ने एउटा पाटो हो भने यसले आदिवासी जनजाति समुदायमा पार्न सक्ने नकारात्मक प्रभाव अर्को पाटो हो। हामीले विकासको कुरा गर्दा प्रायः आर्थिक विकाससँग जोडेर हेर्ने गर्छौं। विकासले हाम्रो सामाजिक संरचना र परिवेशमा पार्नसक्ने प्रभावको विषयमा त्यति ध्यान दिने गरेको पाइँदैन त्यसमा पनि आदिवासी जनजातिलाई पार्न सक्ने असर र उनीहरूको सवालको विषयमा नेपाल सरकार सकारात्मक भएको पाइँदैन। आदिवासी जनजातिहरूको बसोबास र उनीहरूको थातथलो प्राकृतिक स्रोत साधनको नजिक रहेको पाइन्छ। उनीहरूको बसोबास बन जंगल, खोलानाला र नदिको छेउछाउमा भएको हुन्छ। यस्तो अवस्थामा विकास आयोजनाले प्राकृतिक स्रोतको दोहन गर्दा त्यसको प्रत्यक्ष असर प्राकृतिक स्रोत नजिक बस्ने आदिवासी जनजातिहरूलाई पर्दछ। प्राकृतिक स्रोत दोहन नियन्त्रण गर्न सरकारको ठूलो भूमिका हुन्छ। तर विश्वभरि नै सरकारले प्राकृतिक स्रोत साधन सञ्चालनसम्बन्धी विभिन्न ऐन कानून, नीति नियम र निर्देशिकाहरूको तर्जुमा गरी पुँजीपतिहरू, वित्तीय संस्थाहरू र देशी विदेशी उद्योग कलकारखाना सञ्चालकहरू विकास र सम्बृद्धिको नाममा आदिवासीहरूको अधिकार हनन् गरेको छ।

नेपालले जलविद्युत आयोजनाको क्षेत्रमा विकास गर्ने योजना रहेको छ, त्यसमध्ये हाल बन्न गइरहेको १०६१ मेगावाट क्षमताको अपर अरुण जलविद्युत आयोजना (UAHEP) नेपालको सबैभन्दा ठूलो जलविद्युत आयोजना हो। यो जलविद्युत आयोजनाले संखुवासभा जिल्ला, भोटखोला गाउँपालिकाका २२ ओटा गाउँहरूमा असर पर्ने देखिएको छ। यस क्षेत्रमा भोटे, तामाङ, गुरूङ, राई, शेर्पा र नेवारको बसोवास रहेको छ। यहाँ बसोबास गर्ने आदिवासी जनजाति विशेष गरी भोटे र राई समुदायले अरूण नदिको पूजा गर्ने गर्दछन्। उनीहरूको मूल्य मान्यता अनुसार गाउँमा केही अनैतिक भएको खण्डमा उनीहरूले अरुण नदिको पूजा गर्छन्। अरुण नदिसँग उनीहरूको आध्यात्मिक सम्बन्ध जोडिएको हुन्छ। साथै उनीहरूले अरुण नदि क्षेत्रको पहाडहरूको पनि पूजा गर्ने गर्दछन्। नामासे र रुकुमा गाउँका बासिन्दाका अनुसार आयोजनाको सुरुङमार्ग निर्माण हुने क्षेत्रको डाँडासम्म पनि उनीहरूको सांस्कृतिक र आध्यात्मिक सम्बन्ध रहेको छ। उनीहरूको अनुसार ती पहाड र डाँडामा उनीहरूले पूजा गर्ने दानव बस्ने थान (खार्चेन छिमु), देवता थान (भेम्वेमा, गुङ्गर) र नाग थान (लुगाङ) रहेको र आयोजना निर्माण कार्यले त्यहाँ असर पुग्न सक्ने उनीहरूको भनाई छ। यस्ता विकासको कार्यले आदिवासीहरू जनजातिहरूको थातथलोमा प्रत्यक्ष असर गरेको छ। अपर अरुण जलविद्युत आयोजनाले पनि आयोजना क्षेत्र लिम्बुटारको ६ घर विस्थापन हुने र साथै नामासे र सिम्बुङ गाउँका केही घरहरू विस्थापन हुने भएको छ। आयोजनाले प्रभावित आदिवासी जनजातिको बस्ती स्थानान्तरण गर्ने भएको छ तर हालसम्म कहाँ, कुन र कस्तो भूगोलमा स्थानान्तरण गर्ने भन्ने विषयमा भने आयोजनाको कुनै धारणा आएको छैन। यस्ता खाले ठूलो आयोजना निर्माणले सबैभन्दा पहिला आदिवासी जनजातिको भाषालाई असर गरेको छ। उदाहरणका लागि अपर अरुण जलविद्युत आयोजनाको प्रभावित आदिवासी जनजाति समुदायको भाषाकै कुरा गर्ने हो भने आयोजना निर्माणको क्रममा निर्माण भएको सडक र नेपाल सरकारले निर्माण गरेका सडक पुगेको गाउँहरू गोलाबजार, बरुणबजार, हटिया, लिङ्गममा बसोबास गर्ने अधिकांश आदिवासी जनजाति समुदायले आफ्नो मातृभाषा भन्दा नेपाली भाषामा संवाद गरेको पाइन्छ भने सडक नपुगेको गाउँहरूमा अहिले पनि नेपाली भाषामा खासै संवाद गरेको पाइँदैन। विशेषगरी हेमा गाउँका बालबालिकाहरू तामाङ भाषा मात्र बोल्ने गर्छन्। यस अर्थमा हामीले के बुझ्न सकिन्छ भने जहाँ विकासको कार्य तीव्र रूपमा हुन्छ त्यस क्षेत्रको आदिवासी जनजातिको भाषा पनि त्यति नै छिटो लोप हुन्छ। यस क्षेत्रमा निर्माण भइरहेको राजमार्गले यहाँको सांस्कृतिक सम्पदामा पनि प्रभाव पारेको छ। सांस्कृतिक सम्पदा माने भएको स्थानको छेउबाट राजमार्ग निर्माण गर्दा यहाँको सयौं साल पुराना र परम्परागत मानेहरू माटो मुनि पुरिएका छन्। तर यसको संरक्षणको लागि भने कुनै पनि पहल कदमी गरेको छैन। हाल अरुण नदिमा दर्जनौं जलविद्युत आयोजना बनिरहेको छ तर यहाँका आदिवासी जनजातिहरू भने अन्योलमा छ। यस क्षेत्रका आदिवासी जनजातिहरू जलविद्युतबाट हुने नकारात्मक असरको विषयमा सचेत नभएको र यस क्षेत्रको महिला र बालबालिकाहरूलाई विकासको कार्यले पार्नसक्ने असर के हो र असर परेको खण्डमा न्यूनिकरणको उपाय के हो भन्ने विषयमा पनि सचेत नभएको अवस्था छ। जसकारण यस्ता जलविद्युत आयोजनाको कामदारहरूबाट भविष्यमा यहाँको महिलाहरू प्रभावित हुने देखिन्छ।

> **अपर अरुण जलविद्युत आयोजनाले पनि आयोजना क्षेत्र लिम्बुटारको ६ घर विस्थापन हुने र साथै नामासे र सिम्बुङ गाउँका केही घरहरु विस्थापन हुने भएको छ । आयोजनाले प्रभावित आदिवासी जनजातिको बस्ती स्थानान्तरण गर्ने भएको छ तर हालसम्म कहाँ, कुन र कस्तो भूगोलमा स्थानान्तरण गर्ने भन्ने विषयमा भने आयोजनाको कुनै धारणा आएको छैन ।**

आदिवासी जनजातिहरूको आफ्नै पृथक समाज हुन्छ जुन समाजमा उनीहरूको मूल्य मान्यता, धर्म, संस्कृति, भाषा, भौगोलिक पहिचान, परम्परागत रहनसहन, आदिवासी ज्ञान र सीप हुन्छ। उनीहरू प्रकृतिको नजिक बसेर आफ्नो जीवनयापन गर्ने गर्छन्। यदि यी सबै कुराबाट अलग राखियो भने उनीहरूको अस्तित्वमा नै संकट आउन सक्छ। त्यसैले मुलुकले कुनै पनि भौतिक विकासको कार्य गर्छ भने आदिवासी जनजातिहरूसँग त्यस विकासले फाइदा गर्छ कि गर्दैन भन्ने विषयमा बारम्बार परामर्श गर्नुपर्ने हुन्छ।

विकास कसको लागि हो र किन गर्ने भन्ने प्रश्नको उत्तर खोज्नु जरुरी छ यदि विकास मानव समुदायको हितको लागि हो भने आदिवासी जनजातिहरू पनि त्यही मानव समाजको अंग हो। कुनै पनि विकास निमार्णको कार्य गर्नु पूर्व नै आदिवासी जनजातिहरूसँग एफपिक गर्नुपर्छ। यदि जंगल र ओडारमा बस्ने आदिवासी जनजाति समुदायले भौतिक विकास र आधुनिक समाजलाई विकास मान्दैन भने जवरजस्ती उनीहरूको क्षेत्रमा कुनै पनि विकास निर्माणको कार्य गर्नु हुँदैन। नेपाल सरकारले आदिवासी जनजाति सम्बन्धित विभिन्न मानव अधिकार दस्तावेज र अन्तर्राष्ट्रिय कानुनमा हस्ताक्षर र अनुमोदन गरेको छ।

यस्तो अवस्थामा नेपाल सरकारले ती सबै कानुन र दस्तावेजहरूको कार्यान्वयन गर्नु पर्दछ। नेपालमा आदिवासी जनजातिको भूमिमा बन्ने हरेक विकास योजनालाई अनिवार्य आदिवासी जनजातिहरूसँग एफपिक गराउनु पर्छ। त्यसो गरिएमा मात्र आदिवासी जनजातिहरूको सामूहिक मानव अधिकारको संरक्षण हुन्छ।

# विगत र वर्तमान रणनीतिको समीक्षा र भावी योजना निर्माण



**भक्तपुर ।** नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमले २०७९ असार २२ देखि २४ गतेसम्म नगरकोटको होटल कन्ट्रिभिल्लामा 'एशियाली आदिवासी जनजातिहरूको साझा मञ्चका सदस्य संस्थाहरूबीच परामर्श' विषयक ३ दिने गोष्ठी सम्पन्न गरेको छ। उक्त कार्यक्रममा एआइपीपीका सदस्य संस्थाका साथै नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्, प्रदेश समन्वय परिषद् र जातीय संघसंस्थाबाट गरी कूल ३७ जना (२४ पुरुष र १३ महिला) प्रतिनिधिहरूको सहभागिता रहेको थियो। स्विडिस अन्तर्राष्ट्रिय विकास सहयोग (सिडा) को सहयोग र एआइपीपीसँगको सहकार्यमा सो कार्यक्रम सम्पन्न भएको हो ।

नेपालका आदिवासी जनजातिको विगत, वर्तमान र भावी रणनीतिको बारेमा एआइपीपीका सदस्य संस्थाहरूबीच छलफल गर्ने र ठोस योजनाहरू तय गर्ने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको थियो। गोष्ठीमा कार्यक्रम संयोजक टुंग भद्र राई, डा. मुक्तसिंह लामा, अमृत योञ्जन तामाङ, डा. श्रीकुमार महर्जन, दिवस राई, प्रज्ञा राई, चिनीमाया माझी, डा. लवदेव अवस्थी र रामबहादुर थापामगर आदिले विभिन्न विषयवस्तुमा प्रस्तुतीकरण गर्नुभएको थियो भने एआइपीपीका तासानी सुरावानाले भर्चुअल माध्यामबाट प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा नेपालका आदिवासी जनजातिको संघ संस्थाहरूबीचको सहकार्य र एआइपीपीको रणनीतिक योजना, आदिवासी जनजातिको विगत, वर्तमान र अबको बाटो, क्षेत्रीय र अन्तर्राष्ट्रिय अनुभव र अवस्था, आदिवासी जनजातिको भाषा, साहित्यबारे छलफल भएको थियो। त्यस्तै आदिवासी जनजातिका सवालहरूसम्बन्धी संयुक्त राष्ट्र संघीय स्थायी मञ्च (युएनपीएफआईआई), आदिवासी जनजातिका अधिकारसम्बन्धी विज्ञ संयन्त्र (ईउमआरआइपी), दीगो विकास लक्ष्यहरू, जैविक विविधता महासन्धि, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धि, विश्वव्यापी वातावरण सहयोग (जीईएफ), हरित जलवायु कोष, वन कार्वन साझेदारी सहयोग, जलवायु लगानी कोषलगायतका संयन्त्र र प्रक्रियाहरूमा आदिवासी जनजातिको सहभागीताबारे पनि छलफल भएको थियो ।

कार्यक्रममा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको कार्यक्रम, योजना र रणनीतिहरू, एआइपीपीको लैङ्गिक नीति, नेपालको भाषा आयोग र आदिवासी जनजाति आयोगको आदिवासी जनजाति लक्षित कार्यक्रम, योजना र रणनीतिहरूसम्बन्धी विषयवस्तुहरूमा प्रस्तुतीकरण र चर्चा गरिएको थियो ।

नेपालमा Asia Indigenous Peoples Pact (AIPP) का सदस्य संगठनहरूको रूपमा नेपाल आदिवासी जनजाति महासंघ (NEFIN), राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (NIWF), आदिवासी जनजाति अपाङ्ग संघ (NIDA), आदिवासी जनजाति युवा महासंघ (YFIN) र आदिवासी तथा जनजाति गैरसरकारी संस्था महासंघ नेपाल (NGO-FONIN) रहेका छन् । यी संस्थाहरूले सन् २०२१ मा सम्पन्न भएको राष्ट्रियस्तर परामर्श बैठकको समीक्षा गर्दै वर्तमान अवस्थासम्म संस्थाले उठाउँदै आएको मुख्य विषयवस्तु र मुद्दाहरूको बारेमा बृहत् छलफल गर्नुका साथै

# नेपालको रेडप्लस कार्यक्रममा आदिवासी जनजातिको अधिकार सुरक्षित गर्न माग

**बर्दिया ।** नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमले २०७९ असार १३ देखि १५ गतेसम्म बर्दिया ठाकुरद्वारामा 'रेडप्लस, सुरक्षा नीति र कार्वन लाभ बाँडफाँड' सम्बन्धी ३ दिने तालिम-गोष्ठी सम्पन्न गरेको छ। उक्त कार्यक्रममा नेपाल सरकारद्वारा सञ्चालित रेडप्लस कार्यक्रमको १३ जिल्लामध्ये ५ जिल्ला (कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ) बाट ३२ जना (१७ पुरूष र १५ महिला) आदिवासी जनजाति प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्, प्रदेश समन्वय परिषद्, जनजातीय संघसंस्था, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति युवा महासंघ, आदिवासी जनजाति पत्रकार महासंघ आदि सम्बद्ध संस्थाहरूबाट सहभागी भएका थिए। बन कार्वन साझेदारी सहयोग (एफसिपिएफ) को सहयोग र टेबटेबासँगको सहकार्यमा सो कार्यक्रम सम्पन्न भएको हो ।

जलवायु परिवर्तन, नेपालको रेडप्लस र रेडप्लस कार्यक्रममा आदिवासी जनजातिको अधिकार र वर्तमान अवस्थासम्बन्धी सचेतना र क्षमता अभिबृद्धि गर्नु सो कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो। तालिमको प्रशिक्षण महासंघको जलवायु परिवर्तन साझेदारी कार्यक्रमका निर्देशक टुंग भद्र राई, स्रोतव्यक्तिहरू धनमान गुरुङ र अरुण राईले गर्नुभएको थियो भने नेपालको १३ वटा जिल्लामा कार्वन उत्सर्जन न्यूनीकरण कार्यक्रमको चिनारी, वन विनासका कारक तत्वहरू र प्रस्तावित क्रियाकलापहरूसम्बन्धी वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका सहसचिव डा. राधा वाग्लेले भर्चुअल प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न विषयवस्तुहरू जस्तै जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (युएनएफसीसीसी) र यसका पक्ष राष्ट्रहरूको सम्मेलन (कोप) ले गरेको महत्वपूर्ण सम्झौता र दस्तावेजहरू, विशेषगरी क्यानकुन सम्झौता, पेरिस सम्झौताका साथै जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण (Adaptation and Mitigation), हानी र नोक्सानी (Loss and Damage) सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा भइरहेको कार्य र संयन्त्रहरूबारे छलफल भएको थियो ।

नेपाल सरकारले तराईका १३ जिल्लामा रेडप्लस

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद, प्रदेश समन्वय परिषद, जनजातीय संघसंस्था, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति युवा महासंघ, आदिवासी जनजाति पत्रकार महासंघ आदि सम्बद्ध संस्थाहरुबाट सहभागीहरुको उपस्थित रहेको थियो । बन कार्वन साझेदारी सहयोग (एफसिपिएफ) को सहयोग र टेबटेबासँगको सहकार्यमा सो कार्यक्रम सम्पन्न भएको हो ।





नेपालको रेडप्लस कार्यक्रममा आदिवासी जनजातिका लागि सम्भावित जोखिम र सुरक्षानीति, कार्वन ब्यापारमा लाभ बाँडफाँड योजना (Benefit Sharing Plan) मा आदिवासी जनजातिका मुद्दाहरुबारे पनि प्रस्तुतीकरण र छलफल गरिएको थियो ।

कार्यक्रम अनुरूप तयार गरेको कार्वन उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज (इआरपीडी) मा प्रस्ताव गरेका परियोजनाका क्रियाकलापहरू, सरकारले विश्व बैंकसँग गत वर्ष गरेका कार्वन उत्सर्जन न्यूनीकरण कार्यक्रमअन्तर्गतको किनबेच सम्झौता (इआरपीए) बारे छलफलका साथै विचारविमर्श गरिएको थियो। नेपालको रेडप्लस कार्यक्रमसँग जोडिएको र आदिवासी जनजातिसँग प्रत्यक्ष सम्बन्ध राख्ने गैरकार्वन लाभ, खाद्य सुरक्षा र सम्प्रभुत्व, कार्वन उत्सर्जन न्यूनीकरणका सुरक्षा मापदण्ड कार्यान्वयन योजना (Safeguard Implementation Plan) आदिवासी जनजातिको सम्भावित जोखिम र सुरक्षा नीति, कार्वन व्यापारमा लाभ बाँडफाँड योजना (Benefit Sharing Plan) मा आदिवासी जनजातिका मुद्दाहरूको साथै आदिवासी जनजातिको भाषा, विज्ञान र विश्व दृष्टिकोणबारे कार्यक्रममा प्रस्तुतीकरण र छलफल गरिएको थियो।

उक्त ३ दिने तालिम-गोष्ठीमा प्राकृतिक स्रोत व्यवस्थापनमा थारू आदिवासी जनजातिको प्रथाजनित संस्थाहरू बरघर/भलमन्साको भूमिकाको बारेमा विशेष चर्चा गरिएको थियो। थारु समुदायको बरघर प्रथालाई सरकारले मान्यता प्रदान गरिसकेको र अन्य समुदायको प्रथाजनित संस्थाहरूलाई पनि राज्यले उत्तिकै ध्यान दिनुपर्नेमा जोड दिएका थिए।

नेपालको राष्ट्रिय रेडप्लस कार्यक्रम कार्यान्वयनमा आदिवासी जनजातिका मुद्दा, माग र सुझावहरू आदि सम्बन्धी समूहकार्य पनि गरिएको थियो। समूहकार्यमा सहभागी आदिवासी जनजाति प्रतिनिधिहरूले रेडप्लस परियोजनाका कारण स्थानीय आदिवासी जनजाति समुदाय आफ्नो थातथलोबाट विस्थापित हुन नहुने, प्राकृतिक स्रोतसाधनहरूप्रतिको पहुँचमा असर पर्न नहुने, परियोजना क्रियाकलापहरू सञ्चालन गर्दा आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिइनुपर्ने र उनीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारको संरक्षण गरिनुपर्नेमा जोड दिएका थिए।

# जलवायु परिवर्तन सम्बोधनका कार्यमा आदिवासी जनजातिका अधिकारबारे तालिम-गोष्ठी सम्पन्न

**पोखरा ।** नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमले कास्की जिल्लाको पोखरामा ३ दिने तालिम-गोष्ठी सम्पन्न गरेको छ। श्रावण २६-२८ मा सम्पन्न भएको तालिममा नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद् सचिवालय, जिल्ला समन्वय परिषद, प्रदेश समन्वय परिषद्, सम्बन्धन संस्थाहरू र जातीय संघसंस्थाहरूको तर्फबाट ३६ जना (१८ पुरुष र १८ महिला) को सहभागिता रहेको थियो। International Work Group for Indigenous Affairs (IWGIA) को सहकार्यमा सो तालिम-गोष्ठी सम्पन्न भएको हो।

जलवायु परिवर्तनमा आदिवासी जनजातिको अधिकारसम्बन्धी सचेतना र पैरवी गर्नु सो कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो। कार्यक्रम निर्देशक टुंग भद्र राई, स्रोतव्यक्तिहरू अरुण राई, राजु पण्डित क्षेत्री, डा. महेश्वर ढकालले भौतिक उपस्थितिमा तालिम प्रदान गर्नुभएको थियो भने डा. राधा वाग्ले, खिम घले, दिलराज खनाल, प्रज्ञाजन यलम्बर राई र युगान मानन्धरले पनि प्रस्तुतीकरण गर्नुभएको थियो।

सो तालिममा आदिवासी जनजातिको जल, जमिन र जंगलमा अन्योन्याश्रित सम्बन्ध रहने हुनाले जलवायु परिवर्तनले आदिवासी जनजातिलाई नै सबैभन्दा बढी र तिव्र रूपमा असर पारिरहेको कुरामा जोड दिएका थिए भने जलवायु परिवर्तनसम्बन्धी बन्ने नीति तथा कार्यक्रमहरूले आदिवासी जनजातिहरूको अधिकार र सवालहरूलाई उचित ढंगले सम्बोधन गर्नुपर्ने बताए। आदिवासी जनजातिसम्बन्धी बनेको अन्तर्राष्ट्रिय कानुनहरू जस्तै, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९, आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (युएनड्रिप), जैविक विविधता महासन्धि जस्ता कानुनहरूले आदिवासी जनजातिको हक अधिकार सुरक्षाको लागि स्पष्ट उल्लेख गरेको तथ्य पनि प्रस्तुत गरिएको थियो।

तालिममा विभिन्न विषयवस्तुहरू जस्तै, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (युएनएफसीसीसी) र यसका पक्ष राष्ट्रहरूको सम्मेलन (कोप) ले गरेको महत्वपूर्ण सम्झौता र दस्तावेजहरू, विशेषगरी क्यानकुन सम्झौता, पेरिस सम्झौताका साथै जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण (Adaptation and Mitigation), हानी र नोक्सानी (Loss and Damage) सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा भइरहेको कार्य र संयन्त्रहरूबारे छलफल भएको थियो।

> जलवायु परिवर्तनको न्यूनीकरणमा आदिवासी जनजातिको सबैभन्दा महत्वपूर्ण भूमिका र योगदान रहने हुनाले आदिवासी जनजातिलाई जलवायु परिवर्तनका गतिविधिहरुसम्बन्धी जानकारी प्रदान गर्न जरुरी रहेको कुरामा सहभागीहरुले जोड दिएका थिए ।

नेपालको रेडप्लस कार्यक्रममा आदिवासी जनजातिका लागि सम्भावित जोखिम र सुरक्षानीति, कार्वन व्यापारमा लाभ बाँडफाँड योजना (Benefit Sharing Plan) मा आदिवासी जनजातिका मुद्दाहरूबारे पनि प्रस्तुतीकरण र छलफल गरिएको थियो।

उक्त तालिम-गोष्ठीमा नेपालको वन नियमावली २०७९, आनुवंशिक स्रोत र परम्परागत ज्ञानमा पहुँच र लाभको बाँडफाँडमा कानूनी व्यवस्थाहरू सम्बन्धी नेपालका आदिवासी जनजातिहरूको सरोकार र सुझावहरूको बारेमा छलफल गर्नुका साथै यस्ता महत्वपूर्ण दस्तावेजहरूमा आदिवासी जनजातिको माग, मुद्दा र सवालहरूको सम्मान र सुनिश्चितता हुनुपर्ने र कार्यान्वयन हुनुपर्नेमा जोड दिएको थियो। अतः जलवायु परिवर्तनको न्यूनीकरणमा आदिवासी जनजातिको सबैभन्दा महत्वपूर्ण भूमिका र योगदान रहने हुनाले आदिवासी जनजातिलाई जलवायु परिवर्तनका गतिविधिहरूसम्बन्धी जानकारी प्रदान गर्न जरूरी रहेको कुरामा सहभागीहरूले जोड दिएका थिए।



# प्राकृतिक स्रोत साधनमा आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारसम्बन्धी कार्यशाला गोष्ठी



**नेपाल आदिवासी** जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमले २०७९ भदौ १३ देखि १५ गतेसम्म पोखरामा 'जलवायु परिवर्तनका कार्यको सन्दर्भमा आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारबारे' ३ दिने गोष्ठी सम्पन्न गरेको छ । उक्त कार्यक्रममा एआइपीपीका सदस्य संस्थाहरू (राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ/निफ, आदिवासी जनजाति युवा महासंघ नेपाल/वाइफिन, आदिवासी जनजाति अपाङ्ग संघ/निडा र आदिवासी तथा जनजाति गैरसरकारी संस्था महासंघ नेपाल/एनजिओ फोनिन) का साथै नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्, प्रदेश समन्वय परिषद्, जातीय संघ संस्था र सञ्चारकर्मीहरूबाट ३४ जना (२० पुरुष र १४ महिला) सहभागीहरूको उपस्थित रहेको थियो । स्विडिस अन्तर्राष्ट्रिय विकास सहयोग (सिडा) को सहयोग र एआइपीपीसँगको सहकार्यमा सो कार्यक्रम सम्पन्न भएको हो ।

नेपाल सरकारले वन नियमावली २०७९, रेडप्लस लाभको बाँडफाँड योजना र आँनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँड विधेयक जस्ता महत्वपूर्ण दस्तावेजहरू तयार गरिरहेको र अनुमोदन गर्ने क्रममा रहेकोले आदिवासी जनजातिको अधिकार सुनिश्चितताका लागि छलफल गर्न कार्यक्रमको आयोजना गर्नु मुख्य उद्देश्य रहेको थियो ।

कार्यक्रमको पहिलो दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टान्तमा जलवायु परिवर्तनका कारण र असरहरू, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (UNFCCC) मा पक्ष राष्ट्रहरूको सम्मेलन र पेरिस सम्झौता, जलवायु परिवर्तन सम्झौताका लागि नेपालको राष्ट्रिय निर्धारित योगदान (NDC), सुनकोशी मरिन डाइभर्सन, दूधकोशी जलविद्युत आयोजना र अपर त्रिशुली-१ जस्ता तथाकथित स्वच्छ ऊर्जा र जलविद्युत आयोजनाहरूमा आदिवासी जनजातिको जीवन पद्दती, थातथलो र संस्कृति आदि बारेमा प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रमको दोस्रो दिन, नेपालको १३ वटा जिल्ला (कञ्चनपुरदेखि रौतहट) मा रेडप्लस कार्यक्रम, रेडप्लस क्याकुन मापदण्ड (REDD+ Cancun Safeguard) र आदिवासी जनजातिको भूमि अधिकार, रेडप्लस लाभको बाँडफाँड योजना, नेपालको वन नियमावली २०७९ र यसमा आदिवासी जनजातिको सुझाव र अडान संकलन आदि बारेमा प्रस्तुतीकरण र छलफल गरिएको थियो ।

त्यसैगरी, कार्यक्रमको तेस्रो दिन, आदिवासी जनजाति र वनसँग सम्बन्धित नीति नियम, हरित जलवायु कोष (Green Climate Fund/GCF) का लागि नेपालको तयारी र आयोजनाहरू, हरित जलवायु कोषको आदिवासी नीति (Indigenous Peoples Policy), अनुवाँशिक स्रोतमा पहुँच र लाभको बाँडफाँडसम्बन्धी विधेयक आदिको बारेमा प्रस्तुतीकरण र छलफल गरिएको थियो भने संरक्षण क्षेत्र र थारू आदिवासी जनजातिको भूमिसम्बन्धी मुद्दामा अनुभव र छलफलको बारेमा विचार विमर्श गरिएको थियो ।

कार्यक्रममा टुंग भद्र राई, चिनीमाया माझी, डा. राजेश राई, डा. सिन्धु ढुंगाना, डा. राधा वाग्ले, लाक्पा हिसे ढोक्प्या, अरुण राई, दिलराज खनाल र प्रज्ञाजन यलम्वर राईले प्रस्तुतीकरण गर्नुभएको थियो । सो कार्यशाला गोष्ठीबाट आदिवासी जनजातिको प्रमुख मुद्दा र मागहरू संकलन र छलफल गरी तयार गरिएको थियो । सो माग पत्र छुट्टै दस्तावेजको रूपमा तयार गरी सम्बन्धित निकायहरूमा पेश गरिने तयारी भइरहेको छ ।


**नेपाल आदिवासी जनजाति महासंघ**

**जलवायु परिवर्तन साझेदारी कार्यक्रम**

महाराजगञ्ज, काठमाडौं, नेपाल, फोनः- ९७७-१-४४१५३७६, इमेलः info@nefinclimatechange.org

वेवसाइटः www.nefinclimatechange.org



साझेदार : IWGIA

सहयोग :